नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
**सडक विभाग**
चाकुपाट, ललितपुर

फोन : ०१ ५५२८८६३
फ्याक्स :५५३५५१५
५५२८४२३

अत्यन्त जरुरी

पत्र संख्या: आ.प्र.२०७४/०७५
च.नं.: ०६

मिति :२०७४/०४/०६

विषय:- RMIS कार्यान्वयन सम्बन्धमा ।

श्री क्षेत्रीय सडक निर्देशनालयहरु(सबै),
श्री उत्तर दक्षिण/ब्यापारिक मार्ग विस्तार आयोजना निर्देशनालय,
श्री आयोजना निर्देशनालय (ए.डि.बी.)
श्री सडक सुधार आयोजना(पि.सि.यु)
श्री डिभिजन कार्यालयहरु(सबै)
श्री योजना/आयोजना कार्यालयहरु(सबै) ।

प्रस्तुत विषयमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, आर्थिक प्रशासन शाखा, सिंहदरवार, काठमाडौंको प.सं. आ. प्र. ४/३/२०७३/७४ च.नं. ५०९ मिति: २०७४/०३/२८ को पत्रबाट "महालेखा नियन्त्रक कार्यालय (कोष प्रशासन शाखा) को प.सं. २०७३/०७४ च.नं. ३८२ मिति: २०७४/०३/२५ को **RMIS** कार्यान्वयन सम्बन्धी पत्रको प्रतिलिपि थान -१(एक) यसै साथ संलग्न राखि तहाँ पठाईएको छ । ब्यहोरा सोहि प्रतिलिपिबाट अवगत गर्नु भई पत्रमा लेखिआए अनुसार गर्नु/गराउनु हुनको साथै आफू मातहतका निकाय एवं कार्यालयहरुलाई पनि सोही प्रणाली मार्फत राजस्व कारोवार गर्ने ब्यवस्था मिलाई दिनुहुन समेत निर्देशानुसार अनुरोध छ ।" भनि लेखि आएको हुँदा लेखि आए बमोजिम गर्नु/गराउनु हुन आदेशानुसार अनुरोध गर्दछु ।

सुदिप प्रसाद तिमल्सेना
(लेखा अधिकृत)

संलग्न कागजात:
१. महालेखा नियन्त्रक कार्यालय (कोष प्रशासन शाखा) को प.सं. २०७३/०७४ च.नं. ३८२ मिति: २०७४/०३/२५ को **RMIS** कार्यान्वयन सम्बन्धी पत्रको प्रतिलिपि थान -१(एक)

नेपाल सरकार

अर्थ मन्त्रालय

# महालेखा नियन्त्रक कार्यालय

(कोष प्रशासन शाखा)

अनामनगर, काठमाडौं ।

पत्र संख्याः ०७३/७४ मितिः २०७४।०३।२५

चलानी नः ३८२

६२४२

श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

सिंहदरबार ।

विषयः RMIS कार्यान्वयन सम्बन्धमा ।

नेपाल सरकारलाई प्राप्त हुने राजश्वको लेखांकन तथा प्रतिवेदन गर्नका लागि सबै सरकारी कारोबार गर्ने बैंक, राजश्व प्रशासन गर्ने कार्यालय तथा अन्य सरोकारवाला निकायहरूले समेत प्रयोग गर्ने गरी Computer Software मा अधारित Revenue Management Information System (RMIS) २०७१ श्रावण १ गते देखि चरणबध्द रूपमा हालसम्म ५० जिल्लामा लागू भई सकेको र यस कार्यालयको मिति २०७४।०२।२३ को निर्णयानुसार बाँकी रहेका तपशील बमोजिमका २५ जिल्लाहरुमा समेत २०७४ श्रावण १ देखि RMIS लागू गरिने भएकोले तहाँ मन्त्रालय, मातहतका विभाग/कार्यालयहरुबाट पनि सोही प्रणाली मार्फत् राजश्व कारोबार गर्ने व्यवस्था मिलाइ दिनुहुन अनुरोध छ ।

आ.ब. २०७४/७५ देखि RMIS विस्तार गरिने जिल्लाहरूः

ताप्लेजुङ, पाँचथर, संखुवासभा, तेह्रथुम, भोजपुर, सोलुखुम्बु, खोटाङ, ओखलढुङ्गा, सिन्धुपाल्चोक, मनाङ, मुस्ताङ, मुगु, डोल्पा, हुम्ला, कालिकोट, रूकुम, रोल्पा, प्युठान, सल्यान, जाजरकोट, अछाम, बाजुरा, बझाङ, दार्चुला र बैतडी ।

( यदुनाथ भट्टराई )

उप-महालेखा नियन्त्रक

बोधार्थः

श्री सूचना प्रविधि शाखा

महालेखा नियन्त्रक कार्यालय, अनामनगर ।